# विष्फोटक पदार्थ ऐन, २०१८

| लालमोहर मिति | | प्रकाशन मिति |
|---|---|---|
| २०१८।२।१३ | | २०१८।२।१५ |

| संशोधन गर्ने ऐन | लालमोहर मिति | प्रकाशन मिति |
|---|---|---|
| १. नेपाल ऐन (संशोधन गर्ने) ऐन, २०१८ | २०१८।७।३० | २०१८।८।१ |
| २. नेपाल ऐनहरु संशोधन गर्ने ऐन, २०१८ | २०१८।८।२३ | २०१८।९।१३ |
| ३. नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ | २०१९।१२।३० | २०१९।१२।३० |
| ४. विष्फोटक पदार्थ (पहिलो संशोधन) ऐन, २०३१ | २०३१।६।२० | २०३१।६।२० |
| ५. विष्फोटक पदार्थ (दोस्रो संशोधन) ऐन, २०४८ | २०४८।७।१४ | २०४८।७।१४ |

## २०१८ सालको ऐन नं. ८

## विष्फोटक पदार्थ उत्पादन गर्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्न बनेको ऐन

**प्रस्तावना** : ●शान्ति र व्यवस्था कायम राख्न विष्फोटक पदार्थहरु उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट ×नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेकोछ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) □यस ऐनको नाम "विष्फोटक पदार्थ ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।✎

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

---

● नेपाल ऐनहरू संशोधन गर्ने ऐन, २०१८ द्वारा थपिएको ।

× नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

□ नेपाल ऐन (संशोधन) गर्ने ऐन, २०१८ द्वारा संशोधित ।

✎ मिति २०२०।८।२९ देखि ऐन लागू हुने गरी मिति २०२०।८।२९ को नेपाल राजपत्रमा सूचना प्रकाशित ।

Nepal Law Commission

(क) “विष्फोटक पदार्थ” भन्नाले :-

(१) बारुद, नाइट्रोग्लिसरिन, डाइनामाइट, गन-कटन, ब्लाष्टिङ्ग पाउडर, पारो (मर्करी) वा अरु धातुको फुल्युनेट र सोही सरहको भए वा नभए तापनि ✓विष्फोटनद्वारा व्यावहारिक असर ल्याउने वा आतसवाजीको ढंगको असर ल्याउने उद्देश्यले उत्पादन वा प्रयोग भएको अरु जुनसुकै पदार्थ सम्झनु पर्छ, र

✓(२) फोग्सिग्नल, फयूजरकेट, परक्यूशन क्याप, केप, पडकाउने वस्तु (डिटोनेटर), कारतुस र यस्तै अन्य सबै प्रकारका खरखजाना र उप-खण्ड (१) बमोजिमको कुनै विष्फोटक पदार्थसँग मिल्दोजुल्दो गरी वा मिलाई उत्पादन वा तयार गरिएको पदार्थलाई जनाउँछ ।

✓(३) विष्फोटक पदार्थ उत्पादन वा निर्माण गर्ने संयन्त्र, मेशीन वा ज्यावल समेत जनाउँछ ।

✣(४) दफा ३ बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित गरी विष्फोटक पदार्थ भनी घोषित गरिएको पदार्थलाई सम्झनु पर्छ ।

(ख) “उत्पादन” भन्नाले कुनै विष्फोटक पदार्थलाई भाग भागमा छुट्याउने वा टुक्राउने वा बनाइसकेकोलाई बिगार्ने विधि वा कुनै नोक्सानी भएको विष्फोटक पदार्थलाई काम लायक बनाउने बिधि र कुनै विष्फोटक पदार्थलाई दोहऱ्याई बनाउने, हेरफेर गर्ने वा मरमत गर्ने विधिलाई समेत जनाउँछ ।

(ग) “बोझ बाहक” भन्नाले मोटर, गाडा, बग्गी, रिक्सा, डुङ्गा, टाँगा र पानी वा जमीन वा हवाई मार्गबाट माल वस्तु वा यात्री ओसार्ने अरु जुनसुकै सवारीको साधनलाई समेत जनाउँछ ।

(घ) “पैठारी” भन्नाले नेपालभित्र ल्याउने काम सम्झनु पर्छ ।

(ङ) “इजाजतपत्र” भन्नाले यो ऐन अन्तर्गत दिइएको इजाजतपत्र सम्झनु पर्छ ।

(च) “तोकिएको” वा “तोकिए बमोजिमको” भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

---

✓ पहिलो संशोधनद्वारा संशोधित ।
✣ पहिलो संशोधनद्वारा थप ।

Nepal Law Commission

३. **विष्फोटक पदार्थ घोषित गर्ने अधिकार** : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदार्थ त्यसमा विष्फोटक तत्वहरु रहेको कारणले वा त्यसको उत्पादन गर्दाको सिलसिलामा चाहिने विधिहरु अपनाउँदा कुनै किसिमको विष्फोट हुने सम्भावना भएको कारणले व्यक्तिहरुको जीउ ज्यान वा सम्पत्तिमा खतरा हुने देखेमा नेपाल सरकारले सो पदार्थलाई विष्फोटक पदार्थ भनी घोषित गर्न सक्नेछ र त्यसरी घोषित गरिएका प्रत्येक पदार्थलाई यो ऐनको तात्पर्यको लागि विष्फोटक पदार्थ भनिनेछ ।

४. **विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण** : (१) कुनै व्यक्तिले इजाजतपत्र बिना र इजाजतपत्रवालाले पनि त्यसमा लेखिएका शर्त बन्देजमा नरही विष्फोटक पदार्थ उत्पादन गर्न, राख्न, प्रयोग गर्न, बिक्री गर्न, परिवर्तन गर्न वा पैठारी गर्न हुँदैन ।

(२) कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र चाहिने वा त्यस्तो इजाजतपत्रको म्याद बढाउन चाहने व्यक्तिले तोकिएको विवरणहरु सहितको तोकिएको ढाँचाको लिखित आवेदनपत्र प्रमुख जिल्ला अधिकारी छेउ दिनुपर्छ । त्यस्तो प्रत्येक इजाजतपत्रको ढाँचा, त्यसमा लाग्ने दस्तूर र त्यसको म्याद तोकिए बमोजिमको हुनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही प्रमुख जिल्ला अधिकारीले कुनै इजाजतपत्रमा लेखिएका कुनै कुरामा सम्बन्धित इजाजतपत्रवालालाई सूचना दिई आवश्यक देखेको संशोधन गर्न सक्नेछन् ।

(४) आफ्नो इजाजतपत्रमा संशोधन गर्न चाहने कुनै व्यक्तिले सो संशोधन गर्न चाहेको कुरा र त्यसको कारण खोली प्रमुख जिल्ला अधिकारी छेउ आवेदनपत्र दिनुपर्छ । त्यसरी संशोधन गर्न लाग्ने दस्तुर तोकिए बमोजिमको हुनेछ ।

✓५. **विष्फोटक पदार्थको उत्पादन, प्रयोग, बिक्री, परिवहन र पैठारी गर्ने तथा राख्ने काम निषेध तथा नियन्त्रण गर्न सक्ने नेपाल सरकारको अधिकार** : यो ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले सार्वजनिक सुरक्षाको निमित्त आवश्यक देखेमा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामलाई पूर्णतः वा केही हदसम्म मनाही गर्न सक्नेछ ।

---

✓ पहिलो संशोधनद्वारा संशोधित ।



Nepal Law Commission

६. <u>**निरीक्षण गर्ने, खोजतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार**</u>: (१) प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कित वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भैरहेको कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप कुनै ठाउँ वा बोझ बाहकमा कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भएको भन्ने विश्वास हुने मनासिव माफिकको कारण भएमा प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको कुनै राजपत्राङ्कित कर्मचारीले वा घटीमा नायव निरीक्षक दर्जाका प्रहरी कर्मचारीले सो ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र जाँचबुझ गर्न, खोज तलासी गर्न त्यस्तो विष्फोटक पदार्थ फेला परेमा त्यस उपर कब्जा गर्न र त्यसलाई रोक्का गर्न सक्नेछ ।

७. <u>**गिरफ्तार गर्ने अधिकार**</u> : यो ऐन वा यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूर कुनै व्यक्तिले गर्न लागेको फेला परेमा र निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै हवाई अड्डा वा कुनै बोझ बाहकमा वा त्यसको आसपासमा विष्फोटक हुने वा आगलागी हुने सम्भव देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पाएको अरु व्यक्तिले रेल्वे प्रशासन वा हवाई अड्डाका कुनै कर्मचारीले बिना वारेण्ट त्यस्तो व्यक्तिलाई गिरफतार गर्न सक्नेछ र त्यसरी गिरफतार गरिएको व्यक्तिलाई [*]<u>बाटाका म्याद बाहेक २४ घण्टा भित्र</u> प्रमुख जिल्ला अधिकारीको जिम्मामा बुझाई दिनु पर्दछ ।

८. <u>**दुर्घटनाको सूचना**</u> : कुनै विष्फोटक पदार्थ उत्पादन भैरहेको, राखिएको वा प्रयोग भैरहेको ठाउँ वा परिवहन भैराखेको वा लाद्ने वा गिराउने काम भैराखेको कुनै बोझ बाहकमा वा सो ठाउँ वा बोझ बाहकको आसपासमा विष्फोट वा आगलागी भै व्यक्तिहरुको जीउ, ज्यान वा सम्पत्तिको नाश भएमा वा ठूलो क्षति भएमा सो ठाउँको तत्काल भोग चलन गर्ने व्यक्ति वा सो बोझ बाहकको धनी वा तत्कालको चालकले सो कुराको सूचना तोकिएको तरीका बमोजिम तोकिएको म्यादभित्र सबैभन्दा नजिकको प्रहरी थाना चौकीको अधिकृत इञ्चार्ज कहाँ दिनुपर्छ ।

९. <u>**दुर्घटनाको जाँचबुझ गर्ने**</u> : (१) नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटना भएमा सरोकारवाला नेपाली

---

[*] दोस्रो संशोधनद्वारा संशोधित ।

सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ ।

(२) उपदफा (१) अन्तर्गत जाँचबुझको काम गर्ने सैनिक अधिकृत वा उपदफा (४) अन्तर्गत जाँचबुझ गर्ने नेपाल सरकारबाट खटिएको अधिकारीलाई प्रमुख जिल्ला अधिकारी सरहको सबै अधिकार हुनेछ र दफा ६ बमोजिम प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने अधिकारको प्रयोग पनि सो जाँचबुझको प्रयोजनको निमित्त आवश्यक एवं उपयुक्त देखेमा गर्न सक्नेछ ।

(३) यस दफा अन्तर्गत कुनै दुर्घटना सम्बन्धी जाँचबुझ गर्ने व्यक्तिले सो जाँचबुझ सकिएपछि सो दुर्घटनाको कारण र परिस्थिति समेत खोली नेपाल सरकारमा लिखित प्रतिवेदन पेश गर्नु पर्छ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भै सकेपछि वा नहुँदै नेपाल सरकारले दुर्घटनाको रुप हेरी आवश्यक देखेमा उपदफा (१) अन्तर्गत जाँचबुझ गर्ने कामलाई रोक्ने आदेश दिन सक्नेछ र अरु उपयुक्त ठानेका कुनै अधिकारीद्वारा सो दुर्घटनाको कारणको जाँचबुझ गराउन सक्नेछ ।

(५) यस दफा अन्तर्गत जाँचबुझ गर्ने खटिएका अधिकारीलाई साक्षीहरु झिकाउने लिखत अन्य महत्वपूर्ण माल वस्तुहरु दाखिल गराउने, बयान बकपत्र गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम शुरु अदालतलाई भए सरहको अधिकार हुनेछ ।

✓१०. **दण्ड सजाय र जफती** : (१) कुनै व्यक्तिले दफा ४ अन्तर्गत इजाजतपत्र नलिई वा दफा ५ को उल्लंघन गरी देहायको विष्फोटक पदार्थ उत्पादन गरेमा, राखेमा, प्रयोग गरेमा, बिक्री गरेमा, परिवहन गरेमा वा पैठारी गरेमा निजलाई प्रत्येक कसूर वापत देहाय बमोजिम दण्ड सजाय हुनेछ :-

(क) नाइट्रोग्लिसरीन, डाइनामाइट, ब्लास्टिङ्ग पाउडर वा पारोको वा धातुको फलमिनेट भए दुई वर्षसम्म कैद वा ☛बीसहजार रुपैयाँसम्म जरिवाना वा दुबै,

---
✓ पहिलो संशोधनद्वारा संशोधित ।
☛ दोस्रो संशोधनद्वारा संशोधित ।

(ख) खण्ड (क) मा लेखिएको विष्फोटक पदार्थ र आतसवाजी र पटाका बाहेक अन्य विष्फोटक पदार्थ भए १ वर्षसम्म कैद वा ☛दशहजार रुपैयाँसम्म जरिवाना वा दुबै,

(ग) आतसबाजी वा पटाका भए ☛एकहजार रुपैयाँसम्म जरिवाना ।

तर एउटै विष्फोटक पदार्थका सम्बन्धमा दण्ड सजाय गर्दा उत्पादन गरेको, पैठारी गरेको वा प्रयोग गरेको वापत सजाय हुने भएमा सो पदार्थ साथ राखे वापत र पैठारी गरेको, प्रयोग गरेको वा बिक्री गरेको वापत सजाय हुने भएमा परिवहन गरेको वापत छुट्टै दण्ड सजाय हुने छैन ।

(२) कुनै व्यक्तिले दफा ४ अन्तर्गत लिएको इजाजतपत्रको शर्त उल्लंघन गरेमा वा यस ऐन अन्तर्गत बनेको नियम उल्लघंन गरेमा उपदफा (१) को खण्ड (क) को कुरामा ☛पाँचहजार रुपैयाँसम्म, खण्ड (ख) को कुरामा ☛दुई हजार पाँचसय रुपैयाँसम्म र खण्ड (ग) को कुरामा ☛पाँचसय रुपैयाँसम्म जरिवाना हुनेछ ।

**स्पष्टिकरण** : इजाजतपत्रको म्याद नाघेकोमा र इजाजतपत्रले अधिकार नै नदिएको काम कुरा गरेकोमा इजाजतपत्र नलिएको मानी कारवाई र सजाय हुनेछ ।

(३) दफा ४ वा ५ अन्तर्गतको कसूरसँग सम्बन्धित विष्फोटक पदार्थ जफत भई नेपाल सरकार लाग्नेछ ।

११. **हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानूनको बचाउ** : यो ऐनमा लेखिएका कुनै कुराले हातहतियार र खर खजाना सम्बन्धी नेपाल कानूनमा कुनै कुरालाई असर पार्ने छैन ।

तर कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने कामको इजाजतपत्र दिने प्रमुख जिल्ला अधिकारीलाई यो ऐन अन्तर्गत बनेका नियम बमोजिम अधिकार भएमा निजले दिएको कुनै इजाजतपत्रलाई हातहतियार र खरखजाना सम्बन्धी नेपाल कानून अन्तर्गत दिइए सरह मान्यता हुनेछ भन्ने सो इजाजतमा लेखिदिन सक्नेछ ।

१२. **अन्य नेपाल कानून अन्तर्गत सजाय हुन सक्ने** : कुनै कसूर यो ऐन अन्तर्गत सजाय हुने र अन्य नेपाल कानून अन्तर्गत पनि सजाय हुने रहेछ भने सो कसूरमा कुनै व्यक्तिलाई अन्य नेपाल कानून

☛ दोस्रो संशोधनद्वारा संशोधित ।

Nepal Law Commission

अन्तर्गत मुद्दा चलाउने वा यो ऐन भन्दा बढी सजाय हुने गरी व्यवस्था भएको अन्य नेपाल कानून अन्तर्गत सजाय दिनमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमका कुनै कुराले बाधा पुऱ्याउने छैन ।

१३. **बचाउ र लागू नगर्ने अधिकार** : (१) यो ऐनमा लेखिएका कुनै कुरा निम्नलिखित व्यक्ति वा अधिकारीद्वारा उत्पादन हुने, राखिने, प्रयोग गरिने, परिवहन गरिने वा पैठारी गरिनेमा लागू हुनेछैन :-

(क) नेपाल सरकारले बनाएका नियम अनुसार नेपाली सेनाद्वारा, र

(ख) नेपाल सरकारको कुनै मन्त्रालय विभाग वा अड्डाद्वारा ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुन विष्फोटक पदार्थको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको सबै वा कुनै कुरा पूर्ण तथा केही शर्तका अधीनमा रही लागू नहुने गर्न सक्नेछ ।

१४. **नियम बनाउने अधिकार** : यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

१५. [ङ] ..... ....... .......

---

[ङ] नेपाल ऐनहरू संशोधन गर्ने, खारेज गर्ने र पुन: व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

**द्रष्टव्य** :- १. नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरू :-
(क) "गजेटेड" को सट्टा "राजपत्राङ्कित"
(ख) "गजेट" को सट्टा "राजपत्र"
(ग) "अफिसर" को सट्टा "अधिकृत"
(घ) "रिपोर्ट" को सट्टा "प्रतिवेदन"
(ङ) "पुलिस" को सट्टा "प्रहरी" ।

२. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रुपान्तर भएको शब्द :-
"बडाहाकिम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश" ।

३. प्रहरी (पहिलो संशोधन) ऐन, २०१९ द्वारा रुपान्तर भएका शब्द :-
"सबइन्स्पेक्टर" को सट्टा "नायव निरीक्षक" ।

४. सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा रुपान्तर भएका शब्दहरू :-
"शाही सेना" को सट्टा "शाही नेपाली सेना" ।

५. विष्फोटक पदार्थ (दोश्रो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरू :-
"अञ्चलाधीश" वा "जिल्लाका अञ्चलााधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी" ।

६. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"शाही नेपाली सेना " को सट्टा "नेपाली सेना"

७. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरू:-
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।

# विस्फोटक पदार्थ नियम, २०२०

**नेपाल राजपत्रमा प्रकाशित मिति**

२०२०।९।२९

विस्फोटक पदार्थ ऐन, २०१८ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छः-

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "विस्फोटक पदार्थ नियम, २०२०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः-

(क) "ऐन" भन्नाले विस्फोटक पदार्थ ऐन, २०१८ सम्झनु पर्छ,

(ख) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ,

(ग) "नाइके" (फोरम्यान) भन्नाले आफ्नो मालिकको काम अन्तर्गत कुनै विस्फोटक पदार्थको हेरचाह गर्ने आफ्ना मालिकको अरु कर्मचारीहरूलाई विस्फोटक पदार्थ वितरण गर्ने वा आफैले प्रयोग गर्ने काममा लगाइएको कुनै कर्मचारीलाई सम्झनु पर्छ ।

३. **इजाजतपत्रको प्रकार र विस्तार** : (१) यस नियम बमोजिम निम्न लिखित ६ प्रकारका इजाजतपत्रहरू दिन सकिनेछः-

(क) "बिक्री गर्ने इजाजतपत्र" पाएका व्यक्तिले विस्फोटक पदार्थ किन्न, राख्न र बिक्री गर्न सक्नेछ,

(ख) "प्रयोग गर्ने इजाजतपत्र" पाएका व्यक्तिले विस्फोटक पदार्थ किन्न राख्न र आफ्नै लागि प्रयोग गर्न सक्नेछ,

(ग) "नाइके" (फोरम्यान) को इजाजतपत्र पाएका व्यक्तिले इजाजतपत्रवाला मालिकको कामको निमित्त विस्फोटक पदार्थको हेरचाह गर्न सो मालिकको अरु कर्मचारीहरूलाई विस्फोटक पदार्थ वितरण गर्न वा प्रयोग गर्न सक्नेछ,





नेपाल कानून आयोग

तर कुनै इजाजतपत्रवाला नाइकेको प्रत्यक्ष रेखदेखमा विस्फोटक पदार्थ बोक्ने, चलाउने, वसार-पसार गर्ने समेत काममा लगाइएका कामदारहरूले नाइकेको इजाजतपत्र लिन कर लाग्ने छैन ।

(घ) "लाबोरेटरीमा विस्फोटक पदार्थ विषय अनुसन्धान गर्न इजाजतपत्र" पाएका व्यक्ति वा संस्थाले विस्फोटक पदार्थको परीक्षण गर्न, अनुसन्धान गर्न र त्यस्तो कामको निमित्त चाहिने विस्फोटक पदार्थ किन्न र राख्न सक्नेछ,

(ङ) "पैठारी गर्ने इजाजतपत्र" पाएका व्यक्तिले विस्फोटक पदार्थ पैठारी गर्न र राख्न सक्नेछ,

तर बिक्री समेत गर्न चाहेमा निजले बिक्री गर्ने इजाजतपत्र पनि लिनु पर्नेछ ।

(च) "परिवहन गर्ने इजाजतपत्र" पाएका व्यक्तिले माथिको खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित इजाजतपत्र पाएका व्यक्तिहरूको लागि विस्फोटक पदार्थ वसार-पसार गर्न सक्नेछ,

तर यस्ता इजाजतपत्रवालाले स्थानीय अञ्चलाधीशछेउ आफ्नो नाउँ थर वतन लेखी दाखिल गरेपछि आफ्नो रेखदेखमा विस्फोटक पदार्थ परिवहन गर्ने काममा लगाइएका व्यक्तिहरूले छुट्टै परिवहनको इजाजतपत्र लिन कर लाग्ने छैन ।

(२) कुनै प्रकारका इजाजतपत्रवाला व्यक्तिले आफैले वा आफ्नो कार्यस्थलमा आवश्यक मात्रामा आफ्ना कर्मचारीहरूद्वारा विस्फोटक पदार्थ चलाउन, थन्क्याइ राख्न र परिवहन गर्न वा गराउन सक्नेछ ।

तर जुनसुकै अवस्थामा पनि आफ्ना कुनै इजाजतपत्र वा इजाजतपत्र नभएका कर्मचारीहरूद्वारा गराइएका यस्ता कामहरूका लागि इजाजतपत्रवाला मालिक नै जवाफदेही रहनेछ ।

(३) स्थानीय अञ्चलाधीशले/प्रमुख जिल्ला अधिकारीले इजाजतपत्र दिंदा आवेदकको आवश्यकता र अनुभव अनुसार इजाजतपत्रमा तोकिदिएका परिमाणमा तोकिदिएका किसिमका विस्फोटक पदार्थहरूका लागि लागू हुने गरी दिन सक्नेछ । यस्ता



नेपाल कानून आयोग

इजाजतपत्र पाएका व्यक्तिले सोही इजाजतपत्रमा लेखिएका विस्फोटक पदार्थको किसिम र परिमाणको सम्बन्धमा कुनै संशोधन गर्न चाहेमा सो चाहेको कुरा र त्यसको कारण समेत खोली नयाँ इजाजतपत्रको सरह दस्तूर राखी आवेदनपत्र दिनु पर्छ ।

४. **आवेदनपत्र दिनुपर्ने** : (१) यस नियम बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले अनसूची ४ मा लेखिए बमोजिमको फाराम भरी स्थानीय अञ्चलाधीशछेउ आवेदनपत्र दिनु पर्छ ।

(२) कुनै व्यक्ति २१ वर्ष उमेर पुगेमा र इजाजतपत्र पाउनाको लागि योग्य र विश्वसनीय देखिएमा निजलाई इजाजतपत्र दिन सकिनेछ ।

(३) नाइकेको इजाजतपत्रको लागि आवेदनपत्र दिने व्यक्तिले आफ्नो इजाजतपत्रवाला मालिकको सिफारिश समेत आवेदनपत्रसाथ पेश गर्नु पर्नेछ ।

५. **इजाजतपत्र दिने** : (१) नियम ४ को उपनियम (१) बमोजिम आफूकहाँ पर्न आएको आवेदनपत्रहरूमध्ये नियम ३ को खण्ड (क), (ख), (ग) र (च) मा उल्लिखित प्रकारका इजाजतपत्रका हकमा आवश्यक कुरा जाँचबुझ गर्न केही समयको लागि स्थानीय अञ्चलाधीशले निज आवेदकहरूलाई इजाजतपत्र दिन स्थगित गर्न सक्नेछ र सो जाँचबुझको आधारमा प्रहरी प्रतिवेदन तथा आवश्यक परेमा विस्फोटक पदार्थ सम्बन्धी विशेषज्ञको राय समेत लिई आवेदक विस्फोटक पदार्थ सम्बन्धी काम गर्न आवश्यक मात्रामा अनुभवी, लायक र विश्वसनीय छ छैन विचार गरी इजाजतपत्र दिने नदिने निर्णय गर्नेछ र नदिने निर्णय भएमा त्यसको सूचना सो आवेदकलाई र गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

(२) नियम ४ को उपनियम (१) बमोजिम आफूकहाँ पर्न आएको आवेदनपत्रहरूमध्ये नियम ३ को खण्ड (घ) र (ङ) मा उल्लिखित प्रकारका इजाजतपत्रको सम्बन्धमा स्थानीय अञ्चलाधीशले आवेदनपत्र सम्बन्धी आवश्यक सबै कुरा बुझी आफ्नो राय ठहरसाथ निकासाको निमित्त गृह मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कुनै प्रकारको इजाजतपत्र दिने निर्णय भएपछि स्थानीय अञ्चलाधीशले आवेदकलाई अनुसूची १ मा लेखिए बमोजिमको इजाजतपत्र दिनेछ ।

नेपाल कानून आयोग

(४) उपनियम (३) बमोजिमको इजाजतपत्र लिनु पर्दा आवेदक आफै गई वा आफ्नो प्रतिनिधि स्थानीय अञ्चलाधीशको अड्डामा पठाई निजको समक्ष आफूले बुझिलिने इजाजतपत्र र सो अड्डामा रहने इजाजतपत्रको अधकट्टीमा समेत आफ्नो सहिछाप गरी वा गराई बुझी लिनु पर्छ ।

६. **इजाजतपत्रको दस्तूर अवधि र नामसारी** : (१) नियम ५ बमोजिम दिइएको इजाजतपत्र सोही वर्षको चैत्र मसान्तसम्म कायम रहनेछ ।

(२) प्रत्येक इजाजजतपत्रको निमित्त रु. ३।- दस्तूर लिइनेछ ।

तर -

नेपाल सरकारबाट स्वीकृत कुनै शिक्षण संस्था वा प्रयोगशालाको लागि दिइने इजाजतपत्रको निमित्त त्यस्तो दस्तूर माफी दिन सकिनेछ ।

(३) इजाजतपत्रवालाले कुनै हालतमा पनि आफ्नो इजाजतपत्र अरु कसैलाई पनि नामसारी गरी दिन सक्ने छैन । कसैले पनि कुनै व्यक्तिको इजाजतपत्रको आधार लिई काम गर्न पाउने छैन ।

(४) कुनै इजाजतपत्रवालाको मृत्यु भएमा उसको उत्तराधिकारीले र इजाजतपत्रवालाले आफ्नो व्यापारको हक कसैलाई हस्तान्तरित गरी दिएमा यसरी हक पाउने र हक छोड्ने दुबैले सो इजाजतपत्रको लगत रहेको अड्डामा सूचना दिनु पर्छ र हक पाउने व्यक्तिले बाँकी विस्फोटक पदार्थको काम गर्नको लागि नयाँ इजाजतपत्रको लागि तुरुन्त आवेदनपत्र दिनु पर्छ र निजको नाउँमा इजाजतपत्र दिने नदिने कुरामा नियम ५ बमोजिम हुनेछ ।

७. **इजाजतपत्रको रिन्यूवल** : (१) कसैले इजाजतपत्र रिन्यूवल गर्न चाहेमा आफ्नो इजाजतपत्रको अवधि समाप्त नहुँदै लिखित आवेदनपत्र आफ्नो इजाजतपत्रको लगत रहेको अड्डामा दिनु पर्छ । यसरी रिन्युवल गर्न रु. १।- दस्तूर लाग्नेछ ।

(२) कसैले यस नियमको कुनै कुरा उल्लघंन गरेमा निजको इजाजतपत्र रिन्यूवल गर्न इन्कार गर्न सकिनेछ ।

८. **इजाजतपत्र रद्द गर्न सकिने** : कुनै इजाजतपत्रवालाले ऐनका र सो ऐन अन्तर्गतका नियमहरूको कुनै कुरा उल्लघंन गरेमा स्थानीय अञ्चलाधीशले निजको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

तर त्यसरी रद्द गर्ने अन्तिम निर्णय दिनुभन्दा पहिले निजलाई स्पष्टिकरण पेश गर्ने गरी मौका दिइने छ ।

९. **इजाजतपत्रका प्रमाणित नक्कलहरू दिने** : (१) कसैले आफ्नो कारबाईको सिलसिलामा आफ्नो इजाजतपत्रको प्रमाणित नक्कलहरू लिन चाहेमा निजले सो चाहेको कारण र चाहेको नक्कलको प्रतिको संख्या समेत खोली इजाजतपत्रका लगत रहेको अड्डामा अनुसूची ५ को ढाँचा बमोजिम आवेदनपत्र दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको प्रत्येक प्रमाणित नक्कलको लागि रु. १।- दस्तूर लाग्ने छ ।

१०. **इजाजतपत्रवालाको कर्तव्य र शर्त बन्देज** : (१) इजाजतपत्रवालाले आफ्नो इजाजतपत्रलाई चोरी गरिने, बिग्रिने वा अनधिकृत तवरले त्यसको नक्कल गरिनेबाट बचाउनका लागि हिफाजतसाथ राख्नु पर्नेछ । कुनै इजाजतपत्र बिग्रेमा हराएमा वा इजाजतपत्रवालाले विस्फोटक पदार्थको काम छोडेमा सो कुराको सूचना सो इजाजतपत्रको लगत रहेको अड्डामा दिनुपर्नेछ ।

(२) ऐनमा लेखिएका कुराको अधीनमा रही कसैले इजाजतपत्र हेर्न चाहेमा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र देखाउनु पर्नेछ ।

(३) ऐनमा लेखिएका कुराको अधीनमा रही कसैले कुनै विस्फोटक पदार्थ उत्पादन भइरहेको, राखिएको वा प्रयोग भइरहेको ठाउँ वा परिवहन भइराखेको वा लाद्ने वा गिराउने काम भइराखेको कुनै बोझ बाहकलाई निरीक्षण र जाँचबुझ गर्न आएमा इजाजतपत्रवालाले निजलाई निरीक्षण र जाँचबुझ गर्न दिनु पर्नेछ ।

(४) विस्फोटक पदार्थ वा त्यसको प्रयोगले गर्दा भएको कुनै विस्फोटक आगलागी वा दुर्घटनाको सूचना स्थानीय अञ्चलाधीश र सबैभन्दा नजिकैको प्रहरी थानामा तुरुन्त गर्नु पर्नेछ र सो विस्फोटक, आगलागी वा दुर्घटनाको सम्बन्धमा विस्तृत प्रतिवेदन पेश गर्नुको साथै मागिएको अरु आवश्यक बयान समेत दिनु पर्नेछ । यस्ता अधिकारी वा कुनै पनि विस्फोटक पदार्थ निरीक्षकलाई घटनास्थलमा निरीक्षण गर्न र जाँचबुझ गर्न दिनु पर्नेछ ।

(५) कुनै मितिमा आफूले पैठारी गरेको, परिवहन गरेको, खरीद गरेको, बिक्री वितरण गरेको वा प्रयोग गरेको र आफूसाथ राखेको विस्फोटक पदार्थको प्रकार र परिमाणको तथा यस्ता विस्फोटक पदार्थहरू कहाँ कहाँ र कस कसबाट पैठारी गरेको हो,

कस कसको र कहाँ कहाँ परिवहन गरी दिएको हो, कस कससंग खरीद गरेको हो, कस कसबाट प्राप्त गरेको हो कुन कुन काममा प्रयोग गरेको हो र कस कसलाई बिक्री वितरण गरेको वा परिवहनको लागि दिएको हो ती व्यक्तिहरूको नाम वतन र इजाजतपत्र नम्बर समेत खुलेको विस्तृत यथार्थ लगत राख्नु पर्नेछ ।

(६) उपनियम (५) मा उल्लेख भएको लगतको नक्कल स्थानीय अञ्चलाधीश समक्ष महिना महिनामा पठाउनु पर्नेछ ।

(७) कुनै अनधिकृत व्यक्तिले कुनै स्टोरेज म्यागजिनमा गैर कानुनी तवरले प्रवेश गरेमा वा गर्ने प्रयत्न गरेमा वा विना अख्तियार कुनै विस्फोटक पदार्थ चलाएमा, स्थानान्तर गरेमा वा झिकि लगेमा वा त्यसरी चलाइने, स्थानान्तर गर्ने वा झिकी लैजाने प्रयत्न गरेमा वा कुनै विस्फोटक पदार्थको चोरी वा नोक्सानी भएमा यस्ता कुराहरू स्थानीय अञ्चलाधीश समक्ष तुरुन्त सूचना गर्नु पर्नेछ ।

(८) कुनै पनि इजाजतपत्रवालाले मद पिएका वा अरु प्रकारका नशा लागेको वा पूरा होस नभएका व्यक्तिहरू वा विस्फोटक पदार्थ सकुशल चलाउन बाधा पुऱ्याउने किसिमको शारीरिक वा मानसिक विकृति भएका व्यक्तिहरूलाई विस्फोटक पदार्थ चलाउन, परिवहन गर्न वितरण गर्न वा प्रयोग गर्न वा कुनै म्यागजिन भित्र पस्न दिन हुँदैन ।

११. **विस्फोटक पदार्थको खरीद बिक्री** : (१) कसैले विस्फोटक पदार्थ पुनः बिक्री गर्न परेमा निजले बिक्री गर्ने लाइसेन्स पनि लिनु पर्नेछ ।

(२) विस्फोटक पदार्थ खरिद वा बिक्री गर्दा यसरी खरीद र बिक्री गर्ने दुवैले एक अर्कोलाई आफ्नो इजाजतपत्र देखाउनु पर्नेछ र त्यसरी देखाइएका इजाजतपत्र बहालीमा रहेको र देखाउने व्यक्तिकै हो भन्ने कुरा पक्का गर्नु पर्नेछ ।

(३) विस्फोटक पदार्थ बेच्ने व्यक्तिले हरेक बिक्रीको सम्बन्धमा आफ्नो विस्फोटक पदार्थ खरीद गर्ने ग्राहकसंग अनुसूची ३ मा लेखिएको ढाँचाको भरपाई लिनु पर्दछ ।

(४) कसैले आफै आई विस्फोटक पदार्थ खरीद गर्न आउने व्यक्तिलाई उसको इजाजतपत्र वा उक्त इजाजतपत्रको प्रमाणित नक्कल हेरी मात्र कुनै विस्फोटक पदार्थ बिक्री गर्न पाइनेछ ।



नेपाल कानून आयोग

(५) विस्फोटक पदार्थ बेच्ने व्यक्तिले ग्राहकको इजाजतपत्रको प्रमाणित नक्कलको एक प्रति आफ्नो कार्यालयको फाइलमा राखेपछि मात्र डाँकबाट विस्फोटक पदार्थ बिक्री गर्न पाउनेछ ।

(६) कसैले घुम्ती बिक्रेताद्वारा विस्फोटक पदार्थ खरीद गर्न चाहेमा निजले उक्त विस्फोटक पदार्थको लागि आदेश दिंदा घुम्ती बिक्रेतालाई आफै इजाजतपत्र वा इजाजतपत्रको प्रमाणित नक्कल देखाएपछि मात्र विस्फोटक पदार्थ बिक्री गर्न सकिनेछ र सो घुम्ती बिक्रेताले उक्त आदेश आफ्नो मालिक कहाँ पठाउदा आफूलाई देखाइएका इजाजतपत्रको प्रकार, नम्बर र इजाजतपत्र दिइएको मिति समेतको सूचना गर्नु पर्नेछ ।

(७) विस्फोटक पदार्थ प्रयोग गर्ने इजाजतपत्र लिएका कुनै व्यक्तिले नेपाल सरकारको रक्षा मन्त्रालयसंग प्राप्त कुनै विस्फोटक पदार्थ खरीद गर्न चाहेमा सो चाहेको कुरा कहाँ कुन ठाउँमा के कामको लागि प्रयोग गर्न चाहिएको हो र कुन कुन विस्फोटक पदार्थ कति कति मात्रामा चाहिएको हो सो समेत स्पष्ट खोली सम्बन्धित विभाग मार्फत लिखित आवेदनपत्र दिनु पर्छ ।

१२. **विस्फोटक पदार्थको परिवहन** : (१) यस नियम अन्तर्गत परिवहन गर्ने इजाजतपत्र नभएको कुनै पनि व्यक्ति वा कम्पनीले कुनै पनि विस्फोटक पदार्थ परिवहन गर्न पाउने छैन ।

(२) परिवहनको लागि सौंपी दिइने कुनै पनि विस्फोटक पदार्थ इजाजतपत्रवालाले परिवहन गर्ने इजाजतपत्र पाएका व्यक्ति वा कम्पनीलाई मात्र सौंपी दिन सकिनेछ ।

(३) विस्फोटक पदार्थ परिवहन गर्ने इजाजतपत्रवालाहरूले अरुको विस्फोटक पदार्थ परिवहन गर्नालाई सो विस्फोटक पदार्थ परिवहनको लागि सौंपी दिने र उक्त विस्फोटक पदार्थ कसलाई बुझाइदिने हो ती दुवैको नाम, वतन र इजाजतपत्र नम्बर समेतको जनाउ उक्त परिवहन सम्बन्धी कागजपत्रमा विस्फोटक पदार्थ परिवहनको लागि सौंपी दिने व्यक्तिबाट हस्ताक्षर गराई दिनु पर्छ ।

(४) अरुको लागि विस्फोटक पदार्थ परिवहन गरिदिने व्यक्तिहरूले सो विस्फोटक पदार्थ पाउने व्यक्तिलाई डेलिभरी दिंदा त्यसको इजाजतपत्र हेरी मात्र दिनु पर्छ ।

१३. **विस्फोटक पदार्थ थन्क्याई राख्न र स्थानान्तर गर्न चाहिने कुराहरू** :- (१) विस्फोटक पदार्थ थन्क्याई राख्न तथा स्थानान्तर गर्न चाहिने आवश्यकताहरू निर्दिष्ट गर्न विस्फोटक पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) कडा विस्फोटक पदार्थ ( हाई एक्स्प्लोसिव ) जस्तै :-

डाइनामाइट, नाइट्रोग्लिसरिन, टी.एन्.टी., जेलीग्नाइट, मर्नक्टनरलाव इत्यादि ।

(ख) नरम विस्फोटक पदार्थ (लो एक्स्प्लोसिव) जस्तै :- (ब्लाष्टिङ्ग पाउडर, गन पाउडर, (वारुद) इत्यादि ।

(ग) सामान्य विस्फोटक पदार्थ :-

(१) डिटोनेटर जस्तै- ब्लास्टिङ्ग क्याप, इलेक्ट्रिक ब्लास्टिङ्ग क्याप इत्यादि ।

(२) फ्यूज (सबै किसिमको)

(२) परिवहन वा चलन वा प्रयोग भइरहेमा वा एक एक दिनको कामलाई चाहिने भन्दा कम परिमाणमा भएको बाहेक कसैले कुनै पनि विस्फोटक पदार्थ उपयुक्त स्टोरेज म्यागजिन (विस्फोटक पदार्थ भण्डार) मा उचित तवरले थन्क्याई राख्नु पर्छ र यस्ता म्यागजिन (भण्डारहरू) मा थन्क्याई राख्ने विस्फोटक पदार्थको प्रकार र परिमाणको विचार राखी सुरक्षित ठाउँमा बलियो किसिमले बनाइएको र राम्रो हावा लाग्ने र उज्यालोको प्रबन्ध समेत भएको हुनु पर्छ ।

(३) परिवहन वा चलन वा प्रयोग भइरहेको वा भण्डारमा थन्क्याई राखेको विस्फोटक पदार्थलाई चोरीबाट बचाउन राम्रो रेखदेख गर्नु पर्छ ।

(४) विस्फोटक पदार्थ परिवहन गर्ने वा स्थानान्तर गर्ने वा थन्क्याई राख्ने वा प्रयोग गर्ने व्यक्तिहरूले यस्तो काम होशियारी, सावधानी र निर्विघ्न तवरले गर्नुको अतिरिक्त, जुनसुकै अवस्थामा पनि साधारण विवेक विचारले लिर्नुपर्ने अरु बचाउको उपाय समेत गर्नु पर्छ ।

(५) विस्फोटक पदार्थ भण्डार रहेको स्थानमा “खतरा विस्फोटक पदार्थ” भनी स्पष्ट लेखिएको चिन्ह संकेत राख्नु पर्छ ।

(६) कुनै पनि इजाजतपत्रवालाले इजाजतपत्र नभएका कुनै व्यक्तिलाई आफ्नो म्यागजिनमा लगाइएको ताल्चाको साँचो राख्न वा यसै नियम बमोजिम इजाजतपत्र पाएका कुनै इजाजतपत्रवालाको साथ बाहेक आफ्नो म्यागजिन (विस्फोटक पदार्थ भण्डार) भित्र पस्न वा विस्फोटक पदार्थ भएका कुनै बक्स टाइप म्यागजिन खोल्न दिनु हुँदैन ।

तर एक दिनलाई काम चाहिने परिमाणसम्म विस्फोटक पदार्थ भएको भाँडो खोल्न र स्थानीय अञ्चलाधीश वा अख्तियारवाला व्यक्तिले त्यस्तो अधिकारी पस्ने हकमा यो उपनियम लागू हुने छैन ।

१४. **कडा विस्फोटक पदार्थ थन्क्याई राख्ने** : (१) एकसय पच्चीस (१२५) पाउण्ड वा सन्ताउन्न (५७) किलो वा सोभन्दा बढी मात्राको कडा विस्फोटक पदार्थलाई गोली छिर्न नसक्ने र चोरी वा आगलागी हुन नसक्ने स्थायी म्यागजिनमा थन्क्याई राख्नु पर्छ र सो स्थायी म्यागजिनको बनावट अनुसूची ६ मा लेखिए बमोजिम हुनेछ ।

(२) एकसय पच्चीस (१२५) पाउण्ड वा सन्ताउन्न (५७) किलोभन्दा कम मात्राका कडा विस्फोटक पदार्थ उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा वा अनुसूची ७ मा लेखिए बमोजिमको बक्स टाइप म्यागजिनमा थन्क्याई राख्नु पर्छ ।

(३) हरेक म्यागजिन बस्ती वा कारखानाबाट कमसेकम ११० मिटर फरक रहेको हुनु पर्छ । त्यस्तो म्यागजिन रहेको ठाउँमा आगो निभाउन र दार्म (फायर पिके) पनि रहनु पर्छ ।

१५. **नरम विस्फोटक पदार्थ थन्क्याई राख्ने** : (१) एकसय पच्चीस (१२५) पाउण्ड वा सन्ताउन्न (५७) किलो वा सोभन्दा बढी मात्राका नरम विस्फोटक पदार्थ पनि नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा धन्क्याई राख्नु पर्छ ।

(२) एकसय पच्चीस पाउण्ड (१२५) वा सन्ताउन्न (५७) किलोभन्दा कम मात्राका नरम विस्फोटक पदार्थ नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा वा नियम १४ को उपनियम (२) मा उल्लेख भए बमोजिमको बक्स टाइप म्यागजिनमा थन्क्याई राख्नु पर्छ ।

१६. **डिटोनेटरहरू थन्क्याई राख्ने** : (१) पाँच हजारदेखि बढी दश लाखसम्मको डिटोनेटरहरू नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा थन्क्याई राख्नु पर्छ ।

(२) पाँच हजारसम्मका डिटोनेटरहरू नियम १४ को उपनियम (१) मा उल्लेख भए बमोजिमको स्थायी म्यागजिनमा वा सोही नियमको उपनियम (२) मा उल्लेख भए बमोजिमको बक्स टाइप म्यागजिनमा थन्क्याई राख्नु पर्छ ।

तर डिटोनेटरहरू विस्फोटक पदार्थको साथ एकै कोठामा थन्क्याई राख्न हुँदैन ।



नेपाल कानून आयोग

१७. **फ्यूज थन्क्याई राख्ने** : कसैले फ्यूज कुनै विस्फोटक पदार्थ वा डिटोनेटरहरूको साथ कुनै स्थायी म्यागजिन वा बक्स टाइप म्यागजिनमा वा चोरीबाट बचाउन राम्रो ताला लगाएको कुनै भाँडो वा कोठामा थन्क्याई राख्न सकिनेछ ।

१८. **विस्फोटक पदार्थ थन्क्याउने सम्बन्धमा संशोधन गर्ने** : कुनै इजाजतपत्रवालाले आफ्नो इजाजतपत्रको सम्बन्धमा नियम १३, १४, १५ र १६ मा उल्लेख भएका कुनै कुराको संशोधन गर्न चाहेमा सो संशोधन गर्न चाहेका कुरा र त्यसको कारण स्पष्ट खोली स्थानीय अञ्चलाधीशछेउ लिखित आवेदनपत्र दिनु पर्छ । यस्तो संशोधन गर्न समुचित र मनासिब भएमा र सो संशोधन गर्नाले सार्वजनिक सुरक्षा तथा हितमा धक्का नलाग्ने देखिएमा नेपाल सरकारले सो संशोधन गरिदिन सक्नेछ ।

१९. **इजाजतपत्र दिने अधिकारीको कर्तव्य** : (१) स्थानीय अञ्चलाधीशले यस नियम अन्तर्गत आफूले दिएको इजाजतपत्रहरूको यथार्थ लगत राख्नु पर्दछ र समय समयमा गृह मन्त्रालयबाट मागे बमोजिमको प्रतिवेदन पेश गर्नु पर्छ ।

(२) कसैले नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझबाहक वा त्यसको आसपास बाहेक अन्यत्र विस्फोटक पदार्थ संलग्न कुनै विस्फोटन आगलागी वा दुर्घटना भएको सुचना दिएमा वा आफूले थाहा भएमा स्थानीय अञ्चलाधीशले सो विस्फोटन, आगलागी वा दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्छ र सो जाँचबुझबाट देखिन आएको दुर्घटनाको कारण र परिस्थिति समेत खोली र त्यस्ता दुर्घटनाहरू अवदेखि कसरी रोक्न सकिन्छ भन्ने आफ्नो सिफारिश र सुझाव भए त्यो पनि खोली नेपाल सरकारमा लिखित प्रतिवेदन पेश गर्नु पर्छ ।

(३) ऐन वा सो ऐन अन्तर्गतको नियमको वर्खिलाप कुनै ठाउँ वा बोझबाहकमा कुनै विस्फोटक पदार्थ राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भएको भन्ने विश्वास हुने मनासिब माफिकको कारण सहित थाहा भएमा स्थानीय अञ्चलाधीशले आफै गई वा कुनै व्यक्तिलाई पठाई सो ठाउँ वा बोझबाहेक निरीक्षण जाँचबुझ र खोजतलाशी गर्न गराउन र त्यस्ता विस्फोटक पदार्थ फेला परेमा त्यस्तालाई कब्जा गर्न र रोक्का गर्नु गराउनु पर्छ ।

२०. **निरीक्षण गर्ने व्यक्तिको काम कर्तव्य** : (१) ऐनको अधीनमा रही कुनै व्यक्तिले विस्फोटक पदार्थको निरीक्षण गर्दा गराउँदा विस्फोटक पदार्थलाई गैर कानुनी तवरले प्रयोग गरिनेबाट बचाउन र त्यसको उचित प्रयोग गर्नमा शुरुदेखि अन्तिम प्रयोगसम्म बारम्बार रेखदेख गर्नु गराउनु पर्छ ।



नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्ने व्यक्तिले विस्फोटक पदार्थको चोरी त्यस्तो वस्तु वा त्यसको प्रयोगसित सम्बन्ध भएको कुनै अपराध, इजाजतपत्र लिन र सो लिएपछि त्यसको प्रयोगमा कुनै छलकपट भएमा वा शंका भएमा सो समेत जाँचबुझ गरी त्यस्ता कुराहरू कसरी रोक्न सकिन्छ त्यसको सुझाव समेत दिनु पर्छ ।

(३) विस्फोटक पदार्थ सम्बन्धी कुनै कुरामा तत्काल कुनै रेखदेख, पक्राउ वा अन्य प्रहरी कारबाई गर्न आवश्यक लागेमा त्यस्तो निरीक्षण गर्ने व्यक्तिले स्थानीय अञ्चलाधीशलाई प्रतिवेदन दिनु पर्छ ।

२१. **खानी, क्वारी वा अरु उद्योगमा विस्फोटक पदार्थको प्रयोग** : (१) विस्फोटक पदार्थ प्रयोग गर्ने हरेक खानी, क्वारी वा अरु उद्योगका धनी वा मालिक वा सञ्चालकहरूले कुनै विस्फोटक पदार्थ आफ्नै खानी, क्वारी वा उद्योगमा आफ्नै कर्मचारीहरूद्वारा प्रयोग गर्ने भए प्रयोग गर्ने इजाजतपत्र र "आफ्ना हाराहारीका खानी वा उद्योगलाई चाहिएको बखत बिक्री गर्ने भए" बिक्री गर्ने इजाजतपत्र पनि लिनु पर्नेछ ।

(२) हरेक म्यागजिन एक योग्य (फोरम्यान) नाइकेको जिम्मामा हुनु पर्छ र यस्तो (फोरम्यान) नाइकेको आफ्नो पालो सकिएपछि अर्को पालोको नाइकेले (फोरम्यानले) विस्फोटक पदार्थको स्टक र लगतहरू चेक गरी जिम्मा लिनु पर्नेछ ।

(३) हरेक (फोरम्यान) नाइकेले प्रयोग नभई आफूसंग बाँकी रहेको विस्फोटक पदार्थ आफूले प्राप्त गरेको म्यागजिनको इन्चार्जको जिम्मामा दिनु पर्छ र भोलिपल्ट म्यागजिन इन्चार्जले यसरी दिइएका विस्फोटक पदार्थलाई पहिले वितरण गर्नु पर्छ ।

(४) हरेक इजाजतपत्रवाला धनी वा संचालक वा (फोरम्यान) नाइकेले नियम ११ को उपनियम (३) मा उल्लेख भए बमोजिमको लगत राख्नु पर्छ । हरेक म्यागजिनको लागि छुट्टाछुट्टै लगत राख्नु पर्छ । हरेक इजाजतपत्रवाला (फोरम्यान) नाइकेले आफ्नो इजाजतपत्रवाला मालिकछेउ वा विस्फोटक पदार्थ वितरण गर्ने जिम्मा लिएका आफ्नो मालिकको अरु इजाजतपत्रवाला (फोरम्यान) नाइकेछेउ लिखित दैनिक र मासिक प्रतिवेदन पेश गर्नु पर्छ ।

(५) हरेक इजाजतपत्रवाला खानीको धनी वा संचालकले प्रत्येक पटक (सिफ्ट) मा प्रत्येक कामदारले खानीभित्र लगेको र खानी बाहिर फिर्ता ल्याएको विस्फोटक पदार्थको यथार्थ लगत आफ्ना इजाजतपत्रवाला नाइके वा अन्य कुनै व्यक्तिद्वारा राख्नु राख्न लगाउनु पर्छ ।

नेपाल कानून आयोग

(६) विस्फोटक पदार्थ प्रयोग गर्ने उद्योगको मालिक वा संचालकले यी नियमहरूको एकप्रति आफ्नो कार्यस्थलमा टाँसी राख्नु पर्छ र सो नियमहरू आफ्नो कामदारहरूको लागि उपलब्ध हुने गरी राख्नु पर्छ ।

२२. **विस्फोटक पदार्थको पैठारी** : (१) विदेशबाट विस्फोटक पदार्थ पैठारी गर्न चाहने व्यक्तिहरूले सो चाहेको कुरा, त्यसको कारण र यस्ता पैठारी गर्न इच्छा गरिएका विस्फोटक पदार्थ कहाँ कुन ठाउँमा के कामको लागि चाहिएको हो, कुन कुन प्रकारका र कति कति मात्रामा झिकाउने हो र कुन मुलुकको कुन बिक्रेतासंग खरीद गरी कुन बाटोबाट कसरी ल्याउने हो र आफ्नो म्यागजिनमा थन्क्याई राख्ने हो वा कुनै सरकारी म्यागजिनमा थन्क्याइ राख्ने भए कुन इलाकाको सरकारी म्यागजिनमा थन्क्याइ राख्ने हो इत्यादिको विवरण समेत स्पष्ट खोली नेपाल सरकारको सम्बन्धित विभागमा विस्फोटक पदार्थ पैठारी गर्न लाइसेन्सको लागि लिखित आवेदनपत्र दिनु पर्छ र त्यस्ता लिखित आवेदनपत्र परेपछि उक्त सम्बन्धित विभागले आवश्यक कारबाई गरिदिनेछ ।

(२) कसैले कुनै विदेशी मुलुकबाट विस्फोटक पदार्थ पैठारी गर्दा सो मुलुकको अधिकृत विस्फोटक पदार्थ सम्बन्धी व्यापारीसंग मात्र खरीद गर्न सक्छ ।

(३) पैठारी गरिएका विस्फोटक पदार्थ नेपाल अधिराज्यको सीमानामा आइपुगेपछि पैठारी गर्ने व्यक्ति वा उसको कुनै अधिकृत प्रतिनिधिले उक्त विस्फोटक पदार्थ बुझिलिई सबभन्दा नजीक पर्ने सरकारी अञ्चलाधीश कार्यालयमा समेत सूचना गर्नुपर्छ ।

(४) भन्सारबाट छुटाइएको विस्फोटक पदार्थ पैठारी गर्ने व्यक्तिले सुरक्षासाथ आफ्नो कार्यस्थल वा अन्य स्टोरेज म्यागजिनमा लैजानु पर्छ ।

२३. **भन्सार अड्डाको हाकिमको कर्तव्य** : भन्सार अड्डाबाट छुटाइएको सबै विस्फोटक पदार्थहरू सम्बन्धमा त्यस्तो वस्तुको मालधनीको नाम, थर, वतन र इजाजतपत्र नम्बर र त्यसको मितिसमेत खुलेको विवरण स्थानीय अञ्चलाधीशकहाँ र गृह मन्त्रालयमा महिना नाघेको तीन दिनभित्रसम्ममा भन्सारका हाकिमले पठाउनु पर्नेछ ।

**द्रष्टव्य :**

१. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रूपान्तरण भएका शब्दहरू :
(क) "बडा हाकीम वा मेजिष्ट्रेट" को सट्टा "अञ्चलाधीश" ।
(ख) "गढी वा गोश्वारा" को सट्टा "अञ्चलाधीश कार्यालय"

२. केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तरण भएका शब्दहरू :
पुलिस" "अफिस" र "रिर्पोट" को सट्टा "प्रहरी" "कार्यालय" र "प्रतिवेदन" ।

३. सैनिक ऐन, २०४० द्वारा रूपान्तरण भएका शब्दहरू :
"शाही सेना" को सट्टा "शाही नेपाली सेना" ।

४. मूल ऐनमा विष्पोटक पदार्थ (दोस्रो संशोधन) ऐन, २०४८ ले "अञ्चलाधीश" वा "जिल्ला अञ्चलाधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी" बनाई संशोधन गरेको छ ।

## अनुसूची - १

(इजाजतपत्रको ढाँचा)

विस्फोटक पदार्थ नियम, २०२० अन्तर्गत दिइएको इजाजतपत्र

फोटो

..........................................

.......................... अड्डा । विभाग इजाजतपत्र संख्या ..................... इजाजतपत्रको किसिम ............................ .मिति ....................... इजाजतपत्र पाएको व्यक्तिको कम्पनीको नाम वा फर्मको नाम र थर ................................

ठेगाना ...................................

पेशा रोजगार .....................................

यो इजाजतपत्र दिएको विस्फोटक पदार्थको प्रकार र परिमाण ...........................

यो इजाजतपत्र २० ...........................................मसान्तसम्म कायम रहनेछ ।

इजाजतपत्र दिने अधिकारीको नाम .................................

दर्जा ................................

अड्डा । विभागको नाम ................................

इजाजतपत्र दिने अधिकारीको दस्तखत .........

### इजाजतपत्र वालाको प्रति हस्ताक्षर

| यो इजाजतपत्रलाई देहाय बमोजिम रिन्यूवल गरिएको छ | रिन्यूवल गर्ने अधिकारीको नाम र दर्जा | रिन्यूवल गर्ने अधिकारीको दस्तखत | रिन्यूवल गर्ने अड्डा विभागको छाप |
|---|---|---|---|
| २० ... ... ... मसान्तसम्म<br>२० ... ... ... मसान्तसम्म<br>...... ....... | | | |

नेपाल कानून आयोग

# अनुसूची - २

(इजाजतपत्रको प्रमाणित नक्कलको ढाँचा)

"विस्फोटक पदार्थ नियम, २०२० अन्तर्गत दिइएको

इजाजतपत्र" प्रमाणित नक्कल

फोटो

... ... ... ... ... ... ... ... अड्डा । विभाग इजाजतपत्र संख्या ... ... ... ... ...

इजाजतपत्रको किसिम ... ... ... ... मिति ... ... ... ... इजाजतपत्र पाएको व्यक्तिको वा कम्पनीको वा फर्मको नाम र थर ... ... ... ... ... ... ... ... ... ... ...

ठेगाना ... ... ... ... ... ... ... ... ...

पेशा रोजगार ... ... ... ... ... ... ...

यो इजाजतपत्र दिएको विस्फोटक पदार्थको प्रकार र परिमाण ... ... ... ... ... ... ...

यो इजाजतपत्र २० ... ... ... ... ... मसान्तसम्म कायम रहनेछ ।

इजाजतपत्र दिने अधिकारीको नाम ... ... ... ... ... ... ... ...

दर्जा ... ... ... ... ... ... ... ... ...

अड्डा । विभागको नाम ... ... ... ... ... ...

इजाजतपत्र वालाको प्रति हस्ताक्षर ... ... ... इजाजतपत्र दिने अधिकारीको दस्तखत ... ...

| इजाजतपत्रलाई देहाय बमोजिम रिन्यूवल गरिएको छ | रिन्यूवल गर्ने अधिकारीको नाम र दर्जा | रिन्यूवल गर्ने अधिकारीको दस्तखत | रिन्यूवल गर्ने अड्डा विभागको छाप |
|---|---|---|---|
| २० ... ... ... मसान्तसम्म<br>२१ ... ... ... मसान्तसम्म<br>..... ..... | | | |

नेपाल कानून आयोग

# अनुसूची - ३

## भरपाईको नमूना

विस्फोटक पदार्थ बिक्रेताको नाम ... ... ... ... ...

ठेगाना र इजाजतपत्रको प्रकार र नं. ... ... ... ...

ग्राहकको नाम, ठेगाना र ..............................

इजाजतपत्रको प्रकार र नं. ... ... ... ... ... ...

ग्राहकले बिक्रेतासंग खरीद गरेको विस्फोटक पदार्थको

| किसिम | विवरण | परिमाण |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

मिति बिक्रेताको सही ग्राहकको सही

नेपाल कानून आयोग

# अनुसूची - ४

## (इजाजतपत्रको आवेदनको पत्रको फाराम)

दर्ता मिति ... ... ... मिति

... ...

सिलसिलेवार नम्बर

श्री ... ... ... ... ...

महोदय,

विस्फोटक पदार्थ नियम, २०२० बमोजिम चाहिने दस्तूर रु. २।- सामेल राखी निम्नलिखित चाहिने विवरणहरू खोली उत्पादन गर्ने (पैठारी गर्ने) (बिक्री गर्ने) (प्रयोग गर्ने नाइकेको) प्रयोगशालाको इजाजतपत्रको लागि दरखास्त गरेको छु (गरेका छौं) ।

विवरणहरू

१. व्यक्ति वा कम्पनी वा फर्मको नाम ... ... ... ... ...

२. व्यक्ति नागरिकता वा कम्पनी वा फर्म वा रजिष्टर्ड भएको मुलुक ... ... ...

३. व्यक्ति वा कम्पनीको वा फर्मको ठेगाना ... ... ...

४. व्यक्ति वा कम्पनी वा फर्मको पेशा रोजगार ... ... ...

५. व्यक्तिको उमेर ... ... ...

६. आफूलाई राम्ररी चिन्ने आफ्नो नातादार बाहेक अन्य कुनै दुई प्रतिष्ठित व्यक्तिहरूको नाम, ठेगाना र पेशा रोजगार

(क) ... ... ...

(ख) ... ... ...

७. इजाजतपत्रको कारण ... ... ...

८. नयाँ इजाजतपत्र मागेको वा पुरानो इजाजतपत्रको रिन्यूवल मागेको ... ... ...

९. पहिले इजाजतपत्र लिईसकेको भए त्यसको किसिम, संख्या र मिति ... ... ...

१०. विस्फोटक पदार्थ थन्क्याई राख्न कहाँ के व्यवस्था गरेको छ ... ... ...

११. व्यवहार गर्न उम्मेद गरेको विस्फोटक पदार्थहरूको किसिम र अधिकतम परिमाण ... ...

१२. आवेदकले लेख्नु पर्ने वा लेख्न चाहेको अरु कुनै कुरा ... ... ... ...

आवेदक कुनै पार्टनरसिप, कम्पनी वा फर्म भए सो पार्टनरसिप वा कम्पनी वा फर्मको सबै तर बढीमा ५ जवानसम्म मुख्य पार्टनरहरू वा मुख्य संचालकहरूले खण्ड १ देखि खण्ड ६ सम्मको व्यहोरा खुलाई दस्तखत गरेको कागजपत्र यसै आवेदन पत्रसाथ नत्थी गरी पेश गर्नुपर्छ ।

उपरोक्त सबै व्यहोरा साँचो हो र झुट्ठा व्यहोरा लेखिदिएको ठहरे नेपाल कानुन बमोजिम सँहुला बुझाउँला । नेपाल कानुनभित्र रही काम गर्न र अरु लेख्न परेमा लेख्न मन्जूर छ ।

निवेदक,

सहीछाप ... ... ...

नेपाल कानून आयोग

# अनुसूची - ५

(इजाजतपत्र प्रमाणित नक्कलको लागि आवेदनपत्रको फाराम)

दर्ता मिति ... ... ... मिति ... ...

सिलसिलेवार नम्बर

श्री ... ... ... ... ...

महोदय,

विस्फोटक पदार्थ नियम, २०२० बमोजिम मेरो, हाम्रो नाममा लिएको मिति ... ... संख्या ... ... ... को उत्पादन गर्ने पैठारी गर्ने, बिक्री गर्ने, प्रयोग गर्ने नाइकेको, प्रयोगशालाका इजाजतपत्रको अन्तर्गत कामको सिलसिलामा उक्त इजाजतपत्रको प्रमाणित नक्कल प्रति ... ... चाहिएकोले ... ... प्रति नक्कलको रु. २।- को दरले लाग्ने जम्मा दस्तूर रु. ... ... यसै साथ सामेल राखी आवेदनपत्र पेश गरेको छु, गरेका छौं ।

निवेदक,

आवेदकको दस्तखत

(राम्रो बुझिने)

नेपाल कानून आयोग

# अनुसूची - ६

(नियम १४ संग सम्बन्धित)

## स्थायी म्यागजिनको ढाँचा

१. **बनावट** : भूमि सतह वा भूमि तल बनाइने कुनै पनि स्थायी म्यागजिन निम्न प्रकारहरूमध्ये हुनुपर्छः- विल्डिङ्ग टाइप, इग्लु टाइप, पोर्टेबल टाइप, टनेल टाइप वा डगआउट टाइप ।

२. **भित्ता र परखाल** : विल्डिङ्ग टाइपको म्यागजिनको भित्ताहरू चोरी तथा गोली नछेड्ने वस्तुहरूले ठोस किसिमसंग बनाइएको हुनुपर्छ । भित्ताहरू निम्न प्रकारको वा कमसेकम उत्तिकै चोरी तथा गोली नछेड्ने अरु कुनै वस्तुहरूद्वारा बनाइनु पर्छ ।

(क) कमसेकम १५० मिलिमिटर बाक्लो कंक्रीट, पक्की ईट, ढुङ्गा वा काठको, वा

(ख) छानेको बालुवा, ब्रिक कंक्रीट, सिमेन्ट मोरटार वा अन्य उत्तिकै गोली नछेड्ने वस्तुले परेको कंक्रीट ब्लकको, वा

(ग) कमसेकम १५० मिलिमिटर फासलामा राखेको दुइटा काठको पाताको बीचमा छानेको बालुवा र ब्रिक कंक्रीट, सिमेन्ट मोरटार वा अरु उत्तिकै गोली नछेड्ने वस्तुले भरी बाहिरी पातामा कमसेकम ०.४५७ मिलिमिटर (नं. २६ गेज) बाक्लो सिट आइरन वा अरु आगोले नछुने वस्तुले छाएको (ढाकेको) वा

(घ) कमसेकम २.०३२ मिलिमिटर (नं. १४ गेज) बाक्लो इस्पातको पाताको भित्रपट्टी कमसेकम ५० मिलिमिटर बाक्लो कडा काठ (हार्डड) वा कमसेकम ७५ मिलिमिटर बाक्लो नरम काठ (सफ्ट उड) वा कमसेकम १.५० मिलिमिटर बाक्लो ब्रिक कंक्रीट, सिमेण्ट मोरटार, ईट वा छानेको बालुवाले छाएको ।

भूमि सतहमाथिको कुनै टनेल वा डगआउट टाइपको म्यागजिनलाई घेर्ने कृतिम परखालको नाप पनि माथि उल्लेख भए झै हुनपर्छ । भूमिगतको स्थायी म्यागजिनलाई घेर्ने कृतिम परखाल पनि कमसेकम ५० मिलिमिटर बाक्लो काठ वा कमसेकम उत्तिकै बलियो अरु वस्तुको बनाउनु पर्छ ।

३. **जग** : विल्डिङ्ग टाइपको म्यागजिनको जग बलियोसंग बनाइनु पर्छ र म्यागजिनको भूई र भूमि सतहको बीचको खाली ठाउँलाई कुनै मानिस, पशु पक्षी, अगुल्टो वा कुनै अग्निकण (स्पार्क) झिल्का इत्यादि पस्न नसक्ने गरी ढाकेको हुनु पर्छ ।

४. **छाना** : विल्डिङ्ग टाइपको म्यागजिनको छाना आगोले नछुने तथा चोरी हुन नसक्ने हुनु पर्छ जस्तै कि सिट आइरन वा स्लेटले ढाकेको १८.०५ मिलिमिटर सिंदिङ्गद्वारा आगोले नछुने वस्तुले बनाएको छाना कमसेकम ०.४५७ मिलिमिटर (नं. २६ गेज) बाक्लो सिट आइरन वा अरु आगोले नछुने वस्तुले ढाकेको हुनु पर्छ । छानाबाट सोझै विष्फोटक पदार्थमा गोली हान्न सकिने गरी राखिएको म्यागजिनको छानालाई गोली नछेड्ने वस्तुको छाना हाली वा म्यागजिन भित्रको सिलिङ्गमा कमसेकम १०० मिलिमिटर बाक्लो बालुवा वा अन्य उत्तिकै गोली नछेड्ने वस्तुको छत्र राखी वा अन्य कुनै तरीकाले गोली नछेड्ने बनाइनु पर्छ ।

५. **ढोका** : भूमि सतहमा बनाइएका म्यागजिनका ढोकाहरू निम्न नाप बमोजिमको बनाइनु पर्छ :-

(क) कमसेकम १५० मिलिमिटर बाक्लो काठको, वा

(ख) कमसेकम १०० मिलिमिटर बाक्लो रिइनफोर्सड कंक्रीटको, वा

(ग) ५० मिलिमिटर बाक्लो काठको लाइनिंगसहितको ९ मिलिमिटर बाक्लो इस्पातको वा ९ मिलिमिटरभन्दा पातलो इस्पातको बनाउने भए इस्पातको हरेक ३ मिलिमिटर घटी गरेको २५ मिलिमिटरका दरले काठको मोटाई बढाई, वा

(घ) कमसेकम १०० मिलिमिटरको फासलामा राखेको काठको पाताको बीचमा छानेको बालुवा वा अरु त्यस्तै गोली नछेड्ने बस्तुले भरी बाहिर कमसेकम ०.४५७ मिलिमिटर (नं. २६ गेज) बाक्लो फलामको पाता वा अरु कुनै आगोले नछुने बस्तुले ढाकेको ।

जमीन मुनि बनाइएका म्यागजिनका ढोकाहरू कमसेकम ५० मिलिमिटर बाक्लो काठ वा उत्तिकै वा त्यसभन्दा अधिक बलियो अन्य कुनै वस्तुले ठोस किसिमसंग बनाइनु पर्छ ।

स्थायी म्यागजिनको ढोकामा निम्न बमोजिमको ताला लगाइनु पर्छ :-

(क) दुईटा भोटे ताल्चा, वा

(ख) छुट्टै अन्तरापमा लगाइएका दुईटा पांग्रे ताल्चा, वा

(ग) एउटा भोटे ताल्चा र एउटा पांग्रे ताल्चा, वा

(घ) दुईटा साँचोले खोल्नुपर्ने एउटा भोटे ताल्चा ।

पांग्रे ताल्चा र भोटे ताल्चाहरू बहूतै मजबूत हुनुपर्छ । ढोकामा राखिने कब्जा, अन्तराप इत्यादि बलियो हुनु पर्छ र ताला लगाएपछि त्यसको कुनै पेच, वासर (नट) बोल्ट इत्यादि बाहिरबाट खोल्न नसकिने गरी लगाएको हुनुपर्छ ।

म्यागजिनमा प्रवेशद्वार र हावाद्वार बाहेक अरु कुनै प्रकारको खुला प्वाँल हुनु हुँदैन । जगको प्वाल (फाउण्डेशन मेण्ट) छेर्की किसिमको (अफसेट टाइप) हुनुपर्छ र सबै प्वालहरूलाई धातुको बलियो जाली राखी वा अन्य कुनै प्रकारको बनावटबाट मानिस, पशु, पक्षी, आगो, झिल्का इत्यादि पस्न नसक्ने म्यागजिन भित्र राखेको विस्फोटक पदार्थलाई विस्फोटक गर्न सक्ने कुनै गोली समेत सोझै छिर्न नसकिने गरी बनाइनु पर्छ ।

भूमिमाथिका कुनै स्थायी म्यागजिन वा त्यसको बाहिरी परखालमा राखिने कुनै पनि संकेत पाटी यस्तो प्रकारले राख्नु पर्छ कि त्यस पाटीका मुखबाट छिरी जाने कुनै पनि गोलीले म्यागजिनमा पर्न नसकिने होस् ।

नेपाल कानून आयोग

# अनुसूची - ७

(नियम १४ (२) संग सम्बन्धित)

## वक्स टाइप म्यागजिनको ढाँचा

**बनावट** : वक्स टाइप म्यागजिनहरू ५० मिलिमिटर बाक्लो काठमा वा ७५ मिलिमिटर बाक्लो नरम काठ वा उत्तिकै चोरी हुन नसक्ने अरु वस्तुले बनाइएको हुनुपर्छ । धातुले बनेको म्यागजिन भए त्यसभित्र कुनै झिल्का पैदा नगर्ने वस्तुको (नन्स्पार्कलिङ्ग मेटेरियल) लाइनिङ्ग लगाउनु पर्छ । त्यस्तो म्यागजिनको ढोका वा ढक्कनमा (लिड) बलियो कब्जा र अन्तरापहरू यस्तो किसिमबाट लगाएको हुनुपर्छ कि त्यसमा ताला लगाएपछि ती अन्तरापका कब्जाहरू बाहिरबाट खोल्न वा झिक्न नसकिने होस् । बक्स टाइप म्यागजिनमा कमसेकम एउटा बहुतै मजबूत ताला लगाउनु पर्छ ।

घर बाहिर स्थापना गरिने कुनै पनि बक्स टाइप म्यागजिनलाई उठाई लैजान नसकिने गरी अंकुश लगाई बाँधी राख्नु पर्छ ।

तेल, ग्रीज, पेट्रोल, डिजेल पुरानो कपडा वा अन्य कुनै छिटो आगो लाग्न सक्ने वस्तुहरू भएको घरमा बक्स टाइप म्यागजिनलाई राख्नु हुन्न ।

वक्स टाइप म्यागजिनलाई कुनै स्टोभ, भट्टी वा खुला आगो वा ज्वालाबाट कमसेकम ६.२५ मिटर र अन्य कुनै वाह्य तापको स्रोतबाट कमसेकम १.६ मिटर टाढा राख्नु पर्छ । बक्स टाइप म्यागजिनलाई रातो वा अरु कुनै रङ्ग लगाई “विस्फोटक” भनी स्पष्ट लेखेको हुनुपर्छ ।

नेपाल कानून आयोग